# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक ११ गते ०८ साल

## भाग ३

## उद्योग र वाणिज्यमन्त्रालयको सूचना

हाम्रो नेपालको निमित्त रूवा भारतबाट आउने गरी बन्दोबस्त हुन लागे-कोले सर्वसाधारणमा यो सूचना दिने काम भएको छ। सो रूवा ( कपास ) भारतबाट पैठारी गरी ल्याई नियमबमोजिम वितरण गर्ने काम गर्न मनसुवा भएका महानुभाव सज्जनवर्गहरूले कुन इलाकाको निमित्त कतिसम्म रूवा पैठारी गरी ल्याई काम गर्नुहुने हो, सो खुलाई आफूले काम गर्ने शर्तसमेत लेखी रु. ५. ( पाँच ) को नोट दर्खास्त--दस्तुरबापत नत्थी गरी यस मन्त्रालयमा २००८ साल कार्तिक २५ गतेभित्र दाखिल हुने गरी खामको वायाँपट्टि रूवाको दर्खास्त भन्ने स्पष्ट लेखी रजिष्टरी गरी सेक्रेटरी उद्योग तथा वाणिज्यमन्त्रालयको नाममा पठाउने गर्नुहोला। दर्खास्तवालाले मागेजति काम र दर्खास्तवालाको शर्तमा काम पनि दिइनेछैन। सबै दर्खास्त हेरी सबैले काम पाउने गरी उचित शर्तमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम दिइनेछ। दर्खास्तवालाले कामै नपाएमा पनि दर्खास्त--दस्तुरबापत दाखिल गरेको रूपैयाँ फिर्ता हुन र दर्खास्तदस्तुर नभएको औ भएकै भए पनि म्यादभित्र दाखिल नभएको दर्खास्तबाट कुनै कारबाई हुनेछैन। सबै दर्खास्तमा आफ्नु नाम ठेगाना स्पष्ट लेखी पठाउनुहोला। काम पाउने भएका दरर्खास्तवाला-हरूलाई जनाउ पठाइनेछ। सो जनाउ भएको ७ ( सात ) दिनभित्र लाइसेन्स छठाउन नसकेमा काम दिइनेछैन।

— ने. स. प्र. वि.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

6 / 9